# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(समुह क र ख)

प्रथम पटक प्रकाशित मितिः २०८३/०२/१६

जगन्नाथ गाउपालिका/जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, जगन्नाथ,बाजुरामा सञ्चालित तपसीलका खानेपानी तथा सरसफाइ, र बहुउपयोगी सिंचाई योजनाहरूका लागि परियोजनाको खरिद निर्देशिका बमोजिम योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्री (सिमेन्ट, पाइप, फिटीङ्गस्, औजार आदी) तपसिलमा उल्लेखित रोड हेडमा ढुवानी गर्नु पर्ने भएकोले संयुक्त खरिद समितिले यो सिलबन्दी दरभाउपत्र आह्वान गर्दछ । तसर्थ, निम्न सर्तहरू अन्तर्गत रहि दरभाउपत्र फारममा प्रदान गरिएको परिमाण तथा तोकिएको स्पेसिफिकेशन गुणस्तर र तौल अनुसार सामग्री आपूर्ति गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका सप्लायर वा फर्महरूबाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**शर्तहरुः**

| समुह | क्र स | योजनाको नाम | ठेगाना | ढुवानी गर्नु पर्ने स्थान |
|---|---|---|---|---|
| समुह क | १ | झप्राली खानेपानी तथा सरसफाई योजना | जगन्नाथ गा. पा. वडा नम्बर ५ | भुकाँहाखोला |
| | २ | बाबीयामेला बासढुङ्गा खानेपानी तथा सरसफाई योजना | जगन्नाथ गा. पा. वडा नम्बर ३ | बेर्मा बजार |
| | ३ | मुसेखोला बस्केना खानेपानी तथा सरसफाई योजना | जगन्नाथ गा. पा. वडा नम्बर २ बस्केना | सेरा खोला |
| समुह ख | १ | मुलकुलो बहुउपयोगी सिचाई योजना | जगन्नाथ गा. पा. वडा नम्बर ३ र ४ | बेर्मा बजार |
| | २ | भेरागाड बहुउपयोगी सिचाई योजना | जगन्नाथ गा. पा. वडा नम्बर ६ | तल्लो कार्पि |
| | ३ | ढाडाकोट बहुउपयोगि सिचाई योजना | जगन्नाथ गा. पा. वडा नम्बर १ | पिलुचौर |

१) ईच्छुक सप्लायर वा फर्महरूबाट विभिन्न आवश्यक निर्माण सामग्री, पाइप, फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र फारम सम्बन्धित जगन्नाथ गाउँपालिकाको कार्यालय, जुड्डी बाजुरा वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकई बिरेन्द्रनगर, सुर्खेत तथा परियोजना www.laccp.org.np र जगन्नाथ गाउँपालिकाको www.jagganathmun.gov.np वेबसाइटबाट प्राप्त गर्न सकिनेछ ।

२) सिलबन्दी दरभाउपत्र पेश गर्दा तोकिएको फारम र विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु, फिटीङ्गस् तथा औजारहरु सप्लाई सम्बन्धी दरभाउपत्र फारम प्रति फाराम रु. ३००० अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) जगन्नाथ गाउँपालिकाको नाममा रहेको हिमालयन बैंक लि. जगन्नाथ शाखाको खाता न १२००८९५१८५००८६ (ग १.१ -आन्तरिक राजस्व खाता) मा LLRP बाट जम्मा गरेको सक्कलै भौचर वा राजश्व सुत्रमा जम्मा भएको सिर्जित सक्कल भौचर सहित फारम सप्लायरको लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, गत आ.ब.को कर चुक्ताको प्रमाणपत्र सहित मिति २०८३/०२/२५ गतेको दिउसो १२:०० बजे समयभित्र जगन्नाथ गाउँपालिकाको कार्यालय वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग एकाई बिरेन्द्रनगर सुर्खेतमा पेश गरि सक्नु पर्नेछ । दरभाउपत्र

फाराम सिलबन्दी गरी समुहगत सम्बन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरू, पाइप तथा फिटीङ्गस् तथा औजार सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा उल्लेख गर्नुपर्नेछ।

३) सिलवन्दी दरभाउ पत्र पेश गर्दा

क) सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ ।

ख) हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मिति २०८३/०२/२५ गतेको दिउसो १२:०० बजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४) सप्लाई हुने सामग्रीहरूको भुक्तानी उपभोक्ता समितिहरूको गोदाममा (माथी उल्लेखित रोड हेड) मा ढुवानी भै प्राविधिक चेकजाँच भएपछि मात्र हुनेछ । यसैले बोलपत्र सम्बन्धि धरौटी तथा बैंक जमानतको आवश्यकता पर्ने छैन।

५) उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरू संकलन गरी यो सूचना प्रकाशित भएको मिति २०८३/०२/२७ गतेका दिन जगन्नाथ गाउँपालिकाको कार्यालयमा बेलुका ३:०० बजे खरिद समितिका प्रतिनिधिहरू, जगन्नाथ गाउँपालिका प्रतिनिधिहरू, जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना प्रतिनिधिहरू र दरभाउपत्रदाताहरू वा निजहरूको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

६) सिलवन्दी दरभाउपत्र दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समय भित्र दर्ता गरिने वा खोलिनेछ ।

७) दरभाउपत्रमा दररेट लेख्दा अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अंक र अक्षरमा केरमेट भएमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८) दरभाउपत्र फाराममा तोकिएका लेख्ने स्थानहरू बाहेक, अन्यत्र कुनै पनि थप नोट, संकेत तथा कुनै जानकारी लेख्न पाइने छैन।

९) म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१०) दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरूमा सुरक्षित रहनेछ ।

११) अन्य शर्तहरू परियोजनाको सामुदायिक खरिद कार्यविधि २०८२ बमोजिम हुनेछ । थप शर्तहरू दरभाउपत्र फारम साथै संलग्न गरिएको छ ।

१२) यो सूचनामा केहि संशोधन गर्नु परेमा सो को सूचना जगन्नाथ गाउँपालिकाको सूचना पाटीमा जानकारी गरिनेछ ।

१३) अन्य थप जानकारी चाहिएमा जगन्नाथ गाउँपालिका/लक अधिकृत श्री दिल बहादुर धामी(९८६८८६०८२०) वा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना, परियोजना सहयोग इकाई बिरेन्द्रनगर, सुर्खेत (०८३-५९०४६८) सम्पर्क गर्न सकिनेछ ।

संयुक्त खरिद समिति